अग्नीसाइर कृष्णासवरन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सितापुर, सप्तरी

पत्र संख्या :- ०७७/७८
चलानी नं.:-

मितिः- २०७८/०१/१३

## अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणले यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकामा समेत असर पुऱ्याउन सक्ने देखिएकोले यस गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०७८/१/१३ गतेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु भएको व्यहोरा सुचित गरिन्छ ।

**तपसिल :**

१. सम्पूर्ण विद्यालयहरु (सामुदायिक, संस्थागत तथा धार्मिक) अर्को सूचना नहुन्जेलसम्मको लागि बन्द गर्ने तथा विद्यालयहरुबाट संचालन हुने सम्पूर्ण पूर्वनिर्धारित परीक्षाका कार्यक्रमहरु अर्को सूचना नहुन्जेलसम्मको लागि स्थगित गर्ने ।

२. नेपाल सरकार CCMC निर्देशक समितिको मिति २०७८ वैशाख १२ गते बसेको बैठकले देशभरका विद्यालय तथा शैक्षिक संस्थाहरुमा भौतिक उपस्थिति नभई भर्चुअल र बैकल्पिक माध्यमबाट पठन पाठन जारी राख्ने गरी भएको निर्देशन बमोजिम गर्ने गराउने ।

३. बैंक, वित्तीय संस्था, सहकारी, पसल, व्यवसायिक, होटल आदि संचालन गर्दा जनस्वास्थ्यका आवश्यक मापदण्डलाई पूर्ण रुपमा परिपालन गर्ने गराउने ।

४. आम नागरिकहरुलाई अनिवार्य रुपमा माक्स तथा सेनिटाइजरको प्रयोग गर्न अनुरोध गर्ने गराउने ।

५. आमसभा, जुलुस, खेलकुद, भिडभाड लगायतका गतिविधिहरु बैशाख मसान्तसम्मका लागि बन्द गर्ने गराउने ।

६. सम्पूर्ण हाटबजारहरु अर्को निर्णय नहुन्जेलसम्मका लागि बन्द गर्ने गराउने ।

७. विवाह, ब्रतबन्ध जस्ता परम्परागत, धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु जनस्वास्थ्यका आवश्यक मापदण्ड पालना हुनेगरी संचालन गर्ने गराउने । उक्त प्रकारका क्रियाकलापहरुमा २५ जना भन्दा बढी व्यक्तिहरुको सहभागि नगर्ने नगराउने ।

२०७८/०१/१३

कमलदेव यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner